# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, जेठ १२ गते २०५१ साल (अतिरिक्ताङ्क ६


## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

#### जाँचबुझ आयोग (सदस्यहरुको सेवाको शर्त) नियमावली, २०५१

जाँचबुझ आयोग ऐन, २०२६ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "जाँचबुझ आयोग (सदस्यहरुको सेवाको शर्त) नियमावली, २०५१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले जाँचबुझ आयोग ऐन, २०२६ सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले ऐनको दफा ३ बमोजिम गठन हुने आयोग सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको अध्यक्षलाई समेत जनाउँछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. शपथ लिनु पर्ने: (१) आयोगलाई तोकिएको काम शुरू गर्नुअघि आयोगका अध्यक्ष एवं सदस्यले अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

(२) ऐनको दफा ३ को उपदफा (१) बमोजिम श्री ५ बाट गठन भएको आयोगको अध्यक्षले सर्वोच्च अदालतको प्रधान न्यायाधीश समक्ष र अन्य सदस्यले अध्यक्ष समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

(३) ऐनको दफा ३ को उपदफा (२) बमोजिम श्री ५ को सरकारबाट गठन भएको आयोगको अध्यक्षले सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतको न्यायाधीश समक्ष र अन्य सदस्यले अध्यक्ष समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

४. आचरण पालन गर्नु पर्ने: (१) सदस्यले यस नियमावलीमा उल्लिखित आचरणहरू पालन गर्नु पर्नेछ।

(२) कुनै सदस्यले यस नियमावलीमा लेखिएको कुनै कुराको प्रतिकूल आचरण गरेमा निजले आफ्नो पद अनुसारको आचरण नगरेको मानिनेछ।

५. राष्ट्रको स्वार्थलाई सर्वोपरि राख्नु पर्ने: सदस्यले धर्म, वर्ण, लिङ्ग, जात, जाति समुदाय वा क्षेत्रको संकुचित स्वार्थमा नलाली सच्चाई र इमान्दारीपूर्वक आफूलाई सुम्पिएको काम सम्पन्न गर्नु पर्नेछ।

६. काम कारवाही वा मर्यादामा आँच पुऱ्याउन नहुने: सदस्यले आयोगको काम कारवाही वा सदस्यको मर्यादामा आँच पुग्ने गरी कुनै काम गर्नु हुँदैन।

७. निर्भिक रही काम गर्नुपर्ने: सदस्यले आफ्नो कर्तव्य पालन गर्दा आफ्नो ज्ञान र विवेकको प्रयोग गरी कसैको डर, त्रास वा मोलाहिजामा नपरी निर्भिक रही काम गर्नु पर्नेछ।

८. बाह्य प्रभावबाट मुक्त रहनुपर्ने: सदस्यले कुनै लोभ, लालच वा पक्षपात नगरी बाह्य प्रभावबाट मुक्त रही आफूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्नु पर्नेछ।

९. गोपनीयता भंग गर्नु नहुने: सदस्यले आयोगको काम कारवाहीमा बाधा पुग्ने वा आयोगको गोपनीयता भंग हुने किसिमले कसैलाई पनि कुनै कुराको जानकारी दिन वा तत्सम्बन्धी अन्य कुनै कुरा उपलब्ध गराउन हुँदैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. रकम हिनामिना गर्न नहुने : सदस्यले आयोगको कामको निमित्त खर्च गर्नको लागि प्राप्त गरेको रकम हिनामिना गर्नु हुँदैन।

११. अनुचित लाभ उठाउन नहुने : सदस्यले आफ्नो पदको प्रभाव देखाई अनुचित लाभ उठाउने कुनै काम गर्नु हुँदैन।

१२. निषेध गरिएका काम अरूबाट गराउन नहुने : यस नियमावलीले निषेध गरेको कुनै काम कुरा गर्ने उद्योग गर्न, अरूबाट गराउन वा सो गर्न अरूलाई दुरूत्साहन गर्न समेत हुँदैन।

१३. पारिश्रमिक र सुविधा : सदस्यको पारिश्रमिक र सुविधा आयोग गठन हुँदा निर्धारण गरिए बमोजिम हुनेछ।

मुद्रण विभाग, सिंहदरबार





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

### पद तथा गोपनीयताको शपथ

म........ईश्वरको नाममा सत्यनिष्ठापूर्वक आयोगको अध्यक्ष । सदस्यको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी मेरो योग्यता, ज्ञान र विवेकले भ्याएसम्म भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पूरा गर्नेछु र मलाई आयोगको कामको सिलसिलामा जानकारी हुन आएका गोप्य कुराहरू आफ्नो जिम्मेवारी पूरा गर्नको निमित्त आवश्यक पर्नेमा बाहेक आयोगमा वहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष तवरले कुनै पनि किसिमबाट प्रकट गर्ने छैन ।

मिति.........

हस्ताक्षर.........

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

६०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार